आत्म हत्या समस्याको समाधान होइन, अमूल्य जीवन त्यसै खेर नफालौ, समस्याको समाधान खोजौं ।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला कानुन तथा सञ्चार मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल


# बुद्ध दर्पण
राष्ट्रिय दैनिक
The Buddha Darpan National Daily







वर्ष ८ अंक २९६ | २८ वैशाख २०८० बिहीबार | 11 May 2023 Thursday | पृष्ठ : ४ | मूल्य : ५ रुपैयाँ

## बुटवल-लमही ४०० केभी विद्युत प्रसारण लाइन

# २६ अर्ब ४० करोडको बजेटमा दुई सय मेगावाट विद्युत बोक्ने क्षमता

**भुपाल थापा**
कपिलवस्तु २७ वैशाख

नेपाल विद्युत प्राधिकरणले लुम्बिनी प्रदेशमा १ सय ६० किलोमिटर लामो ४ सय केभी डबल सर्किट भएको प्रसारण लाइन निर्माणको काम अघि बढाएको छ। अन्तरदेशीय बिद्युत प्रसारण लाइन बिस्तार गर्ने र भविष्यमा विद्युत आपूर्ति सहज बनाउने उद्देश्यले नयाँ बुटवल-लमही ४०० केभी विद्युत प्रसारण लाइन तथा सवस्टेशन आयोजना कार्यान्वयन हुने भएको हो।

२६ अर्ब ४० करोडको प्रस्तावित बजेटमा दुई सय मेगावाट विद्युत बोक्ने क्षमताको विद्युत प्रसारण लाइन तथा सवस्टेशन निर्माण हुने भएको छ। लुम्बिनी प्रदेश भित्र नयाँ विद्युत प्रसारण लाइन तथा सवस्टेसन बन्ने र यसबाट उज्यालो नेपाल अभियान कार्यान्वयनलाई थप योगदान पुग्ने नेपाल विद्युत प्राधिकरण चार सय केभी प्रसारण लाइन आयोजनाका प्रमुख वीरेन्द्रकुमार झाले बताए।

प्रसारण लाइन नवलपरासी (पश्चिम) जिल्लामा रहेको नयाँ बुटवल सबस्टेशन (भूमही)बाट सुरु भई रुपन्देही, कपिलवस्तुको मोतिपुर सबस्टेशन, अर्घाखाँची हुँदै दाङको लमही सबस्टेशनमा पुगेर टुङ्गिने आयोजनाले जनाएको छ।

यस्तै, नवलपरासी (पश्चिम)को सुनवल नगरपालिकाको ४, ६, ७, ११ र १३ नम्बर वडा, रुपन्देहीको देवदह नगरपालिकाको ५, ६, ७, ९ र १० नम्बर वडा, बुटवल उपमहानगरपालिकाको १, २, ३, ४, ६, ७, १२ र १३ नम्बर वडा, सैनामैना नगरपालिकाको १, २, ३, ५, ६, ९ र १० नम्बर वडा, कपिलवस्तुको बाणगंगा नगरपालिकाको २, ७, ८ र ९ नम्बर वडा, बुद्धभुमी नगरपालिकाको १, ३ र ९ नम्बर वडा, शिवराज नगरपालिकाको १, ३ र ९ नम्बर वडा भएर टावर निर्माणमार्फत बिद्युत प्रसारण हुने छ। यस्तै, अर्घाखाँचीको शितगंगा नगरपालिकाको वडा नम्बर ८ र दाङको गढवा गाउँपालिकाको वडा नम्बर १, राप्ती सोनारी गाउँपालिकाको वडा नम्बर १, २, ४, ५ र ८ र लमही नगरपालिकाको वडा नम्बर १, ३, ४, ५, ६, ७, ८ र ९ भएर प्रसारण हुनेछ।

तोकिएको आयोजना स्थलमा कुल चार सय ४३ वटा टावरहरु निर्माण गरिनेछ। जसमध्ये २१३ डिए, १३५ डिबी, २६ डिसी, ४९ डीडी र १३ क्यु डिडी प्रकारका टावरहरु हुने छन्। सबैभन्दा अग्लो टावर ९० मिटर र सबैभन्दा होचो टावर ६४ मिटरको हुनेछ। अधिकांश टावरको उचाई औषतमा ७० मिटरको हुनेछ।



भूमहीदेखि रिहारसम्मको बिद्युत प्रसारण लाइन बन्दै गर्दा दुईस्थानमा सबस्टेशन निर्माण हुनेछन् । कपिलवस्तुको बाणगंगा नगरपालिका, ७ मोतीपुरमा नयाँ विद्युत प्रसारण लाइनको सव स्टेशन निर्माण हुनेछ। जुन सवस्टेशन ९.९ हेक्टर क्षेत्रफलमा फैलिने छ। यस्तै, लमही नगरपालिका-९ रिहारमा पनि नयाँ विद्युत प्रसारण लाइनको सव स्टेशन निर्माण हुनेछ। जुन सवस्टेशन ११ हेक्टर क्षेत्रफलमा फैलिने छ। यसले विद्युतको आपूर्ति धान्न नसक्ने अवस्थामा चार सय केभी नयाँ प्रसारण लाइन आयोजना आवश्यक परेको जनाइएको छ।

देशमा विद्युतको माग पूरा गर्न नयाँ प्रसारण लाइन आवश्यक परेको विद्युत प्राधिकरणले जनाएको छ। 'यो आयोजना कार्यान्वयनमा आयो भने लो भोल्टेजको समस्या समाधान हुन्छ, नयाँ उद्योगहरुलाई सहज रुपमा विद्युत पुर्‍याउन सकिन्छ'- आयोजना प्रमुख झाले भने- 'यति मात्रै होइन, यो प्रसारण लाइन मार्फत अन्तरदेशीय विद्युत व्यापार समेत गर्न सकिन्छ, भारतमा विद्युतको माग धेरै हुँदा त्यहाँ बिक्री गर्न सकिन्छ।'

पूर्व-पश्चिम नयाँ प्रसारण लाइन राष्ट्रिय प्रसारण लाइनमा जोडिने छ। एशियाली विकास बैंकको लगानीमा आयोजना सञ्चालनको तयारी छ। विद्युत प्राधिकरणबाट लाइन निर्माणको लागि सहमति प्राप्त भएको छ। 'विद्युतको माग पश्चिम क्षेत्रमा बद्दो छ, १३२ केभी प्रसारण लाइनले १०० मेगावाट विद्युत धान्न सक्दैन'- आयोजना प्रमुख झाले भने- 'स्थानीय माग बढ्दो छ, त्यसमा पनि ठूला उद्योगहरु बन्ने क्रममा रहेकाले विद्युतको माग बढ्दो छ, यही मागलाई पूरा गर्न नयाँ प्रसारण लाइन आवश्यक परेको हो।'अहिलेसम्म सर्भेको काम सकिएको छ। प्रसारण लाइनको टावर बस्ने स्थानहरुको निर्धारण गर्ने काम भएको छ। माटो परीक्षण, टावर तथा टावरको फाउण्डेशन डिजाइन गर्ने, लाइडर सम्वन्धी ठेक्कापट्टाको कामहरु शुरु भएको छ। बोलपत्रको कागजातहरु तयार पार्ने काम शुरु भएको र प्रारम्भिक अधिकृत तोक्नको लागि मन्त्रालयमा पत्र पठाइएको आयोजनाले जनाएको छ।

### आयोजनाको मोतीपुरमा सार्वजनिक सुनुवाइ

नयाँ ४०० केभी प्रसारण लाइन आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययनको मस्यौदा प्रतिवेदन सार्वजनिक गरिएको छ। मोतीपुरमा मंगलबार सार्वजनिक सुनुवाइ मार्फत आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन सार्वजनिक गर्दै सरोकारवाला निकायबीच छलफल समेत गरिएको छ। यो आयोजना कार्यान्वयन हुँदा २० मिटरभन्दा माथिका रुखहरु कटान गरिने भएको छ। आयोजना कार्यान्वयन गर्दा टावरको उचाइ बढाइएको जानकारी दिइएको छ।

टावरको उचाइ नबढाउँदा एक लाख ६५ हजार रुखहरु काट्नुपर्ने प्रतिवेदन तयार पारिएको थियो तर टावरको उचाइ बढाउँदा जम्मा ४० हजार रुखहरु काट्नुपर्ने प्रतिवेदन तयार भएको परामर्शदाता स्किम्स कन्सल्टिङ्ग सर्विसेज कोटेश्वर काठमाडौंका वातावरणविज्ञ अजयभक्त माथेमा बताउँछन्।

प्रसारण लाइनका लागि ७६३ हेक्टर जमिन आवश्यक पर्ने देखिएको छ। टावर फाउन्डेसनका लागि २६ हेक्टर र सवस्टेशनहरु निर्माणका लागि २१ हेक्टर जग्गा आवश्यक पर्ने देखिएको हो। आयोजनाका लागि कुल जग्गामध्ये वनको ७४७ हेक्टर तथा खेतीयोग्य जमिन १६ हेक्टर आवश्यक पर्ने प्रतिवेदनमा उल्लेख छ।

### विद्युतीय सुरक्षालाई ध्यान दिन आग्रह

नयाँ विद्युत प्रसारण लाइन आयोजना कार्यान्वयन हुँदै गर्दा विद्युतीय सुरक्षालाई ध्यानमा राख्न आग्रह गरिएको छ। मोतीपुरमा भएको सार्वजनिक सुनुवाइ कार्यक्रममा स्थानीय सरोकार वाला निकायका प्रतिनिधिहरुले प्रसारण लाइन बन्दै गर्दा विद्युतीय सुरक्षालाई ध्यानमा राख्न आग्रह गरेका हुन्। 'आयोजना बन्ने भयो, वन क्षेत्रबाट प्रसारण लाइन जाने र त्यहाँ संरचना बन्ने देखिन्छ, मानव र वन्यजन्तुको सुरक्षा कसरी हुन्छ ?'- रहतावल सामुदायिक वन उपभोक्ता समुह शिवराजका अध्यक्ष यज्ञ प्रसाद वेल्बासेले भने- 'कथंकदाचित दुर्घटना भयो भने यसको जिम्मेवारी कसले लिन्छ ?'

सार्वजनिक सुनुवाईमा सहभागी बाणगंगा नगरपालिका वडा नं. ७ का वडाध्यक्ष बिष्णु गिरीले उज्यालो नेपाल बनाउन विद्युत आपूर्ति सहज र सर्वसुलभ हुनुपर्ने बताए। जसका लागि नयाँ प्रसारण लाइन बन्नु सुखद पक्ष भएको भन्दै समुदायको सुरक्षामा ध्यान दिदै काम अघि बढाउन आवश्यक रहेको उनको भनाइ छ। यस्तै नेकपा (माओवादी केन्द्र)का नेता यम बहादुर केसी (ओम)ले आयोजना कार्यान्वयनको चरणमा आइपर्ने सुरक्षा चुनौतीलाई समाधान गर्न सबै निकायको बीचमा सहकार्य र समन्वय आवश्यक पर्ने बताए। यस्तै, नेपाली काँग्रेसका सभापति शेषकान्त बेल्बासेले विद्युतीय सुरक्षा संवेदनशीलतालाई ध्यानमा राखेर आयोजनालाई अघि बढाउनुपर्ने बताउँछन्।

कार्यक्रममा आयोजना प्रमुख वीरेन्द्रकुमार झाले प्रसारण लाइनको बारेमा प्रकाश पारेका थिए, भने परामर्शदाताको तर्फबाट वातावरणविज्ञ अजयभक्त माथेमा, वातावरण तथा वनस्पति विज्ञ महेन्द्रनाथ सुवेदी, वन्यजन्तुविज्ञ करण शाह र समाजशास्त्री किरणराज मिश्रले आयोजनासँग सम्बन्धी अध्ययन प्रतिवेदन सार्वजनिक गरे। कार्यक्रमको सहजीकरण गणेशप्रसाद सुवेदीले गरेका थिए।

# सरकारको अनुभुती गराउदै बाणगंगा, गाउँघरमै विरामीको स्वास्थ्य शिविर




**सागर विक**
कपिलवस्तु २७ वैशाख

कपिलवस्तुको बाणगंगा नगरपालिकामा मधुमेह र उच्च रक्तचापका विरामीको पहिचान गर्न वडावडामा शिविर सुरु भएको छ। गाउँघरमै बिरामीको पहिचान गरि नगरको आगामी आर्थिक बर्षमा उनीहरुलाई समेट्ने उद्देश्यसहित शिविर सुरु भएको हो।

नगर प्रमुख चक्रपाणी अर्याल, उपप्रमुख रिता कुमारी चौधरी, प्रमुख प्रशासकिय अधिकृत खिमानन्द भुसाल, वडाध्यक्ष लगायतका जनप्रतिनिधिको सहभागितामा ५० बर्षमाथिका व्यक्तिहरुको नसर्ने रोग मधुमेह र उच्च रक्तचाप परिक्षण तथा स्कृनिङ्ग शिविर सुरु भएको नगरपालिकाका स्वास्थ्य प्रमुख ठगराज पौडेलले जानकारी दिए।

शिविरको उद्घाटन बुधबार वडा नम्बर १, ५ र ११ मा भएको हो। बुधबार मात्र ३ सय ४७ जना ५० बर्षमाथिका व्यक्तिहरुको नसर्ने रोग मधुमेह र उच्च रक्तचाप परिक्षण गरिएको स्वास्थ्य प्रमुख पौडेलले बताए। उनका अनुसार परिक्षण गर्दा मधुमेह र उच्च रक्तचापका विरामी भेटिए उनीहरुलाई आवश्यक परामर्शसहित औषधीको व्यवस्था मिलाईएको छ। बाणगंगा नगरपालिकाको स्वास्थ्य शाखाको आयोजनामा सुरु भएको यस शिविर जेठ १५ गतेसम्म चल्ने छ। सो अवधिमा करिब ४ हजार जनाको परिक्षण गर्ने लक्ष्य रहेको स्वास्थ्य प्रमुख पौडेलले बताए।

नगरप्रमुख चक्रपाणी अर्यालले नगरवासीको स्वास्थ्यलाई मध्येनजर गरि शिविर सुरु गरिएको बताउँदै स्वास्थ्य नै मानिसको धन भएको बताए। प्रतिकुल स्वास्थ्यकै कारण मानिसलाई सक्षमबाट असक्षम तुल्याउने उनको भनाई छ। 'हामीले खाने फलफुल, तरकारी तथा अन्य वस्तुहरु विषादीयुक्त छन्। जसले हाम्रो शरिरको सन्तुलन विगारिदिएको छ।

यसप्रति सबै सचेत हुनुपर्छ। मानिसको धन भनेकै स्वास्थ्य हो,'उनले भने। बाणगंगा नगरपालिकाले स्वास्थ्य क्षेत्रलाई प्राथमिकताका साथ हेरेको उनले दाबी गरे। उनले भविष्य नसोचि स्वास्थ्य ख्याल नगरेर लापरबाही गर्दा त्यसको परिणाम नरामत्मक आउने गरेको बताए। उपमेयर रिता कुमारी चौधरीले उच्च रक्तचापका कारण मुटु, मृगौला जस्ता महत्वपुर्ण अंगहरुमा गम्भिर असर गर्ने बताउँदै विभिन्न घातक रोगको सिकार हुनुभन्दा पहिलै सचेत हुनुपर्ने बताईन्। उनले पछिल्लो समय बाणगंगामा मृगौला र क्यान्सरको अवस्था विकराल बन्दै गएको भन्दै चिन्ता व्यक्त गरिन्। 'प्रत्येक दिन ४/५ जनाको पालिकाबाट सिफारिस गर्दै आएका छौं। यसरी त भविष्यमा मृगौला र क्यान्सर पिडित नभएको घर हुदैन्,' उनले भनिन्। पिपरा अस्पताललाई अबको एक बर्षभित्र सबै सेवासहितको अस्पताल बनाउने गरि काम भईरहेको उनले दाबी गरिन्। ५ जना सदस्य भएको एउटा परिवारले एक बर्षमा १ लाख रुपैयाँसम्मको उपचार खर्च प्राप्त गर्ने जानकारी दिदैं उपप्रमुख चौधरीले सम्पुर्ण नगरवासीलाई स्वास्थ्य विमामा आवद्ध हुन अपिल समेत गरिन्।

वडाध्यक्ष दुनिका भुषालले वडाले स्वास्थ्य क्षेत्रमा निर्धारण गरेका लक्ष्य प्राप्तिमा कोपवा स्वास्थ्य चौकीले उदाहरणीय काम गरेको भन्दै प्रशंसा गरे। हरेक अभिभावकले आफ्ना सन्तानलाई धेरै पैसा कमाउन भन्दा निरोगी बन्न सिकाउनु पर्ने उनको भनाई छ। राज्यले स्वास्थ्य क्षेत्रमा ठूलो लगानी गरेको बताउँदै उनले व्यक्ति स्वयम् स्वास्थ्यप्रति सचेत हुन आवश्यक रहेको बताए।

# सिंहदरबारमा तीन दलका शीर्ष नेताको वैठक





काठमाडौं २७ वैशाख

तीन दलका शीर्ष नेताबीचको छलफल सकिएको छ।

सिंहदरबारमा बसेको प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीबीचको छलफल सकिएको हो।

बैठकपछि पत्रकारहरूसँग कुराकानी गर्दै नेपाली कांग्रेसका नेता रमेश लेखकले प्रतिनिधिसभा बैठकसम्बन्धी विषयमा छलफल भएको जानकारी दिए।

'बजेट, नीति तथा कार्यक्रमका् विषयमा केन्द्रित भएका छौं। विषयगत समितिका सभापति, टिआरसी विधेयक, सुनुवाइ समिति लगायको विषयमा छलफल भयो,' उनले भने।

# सम्पादकीय

## व्यक्ति कि पार्टी ?


के रोज्ने - व्यक्ति कि पार्टी ? पेचिलो विषय बनेको छ अहिले । जो मान्छे व्यक्तिका पछि लागेर पार्टीको कार्यकर्ता बनेको थियो, त्यो मान्छेले अगुवा बदनाम हुँदा वित्तिकै बोली फेर्न थालेको छ । विचार भन्दा शक्ति र व्यक्ति हेरेर, पार्टी र पद्धति भन्दा प्रवृत्तिका पछि लागेर, मौकामा चौका हानेर चर्चित हुनेहरु मुर्छित हुँदैछन् यतिबेला । प्रसङ्ग हो नक्कली भुटानी शरणार्थी प्रकरणको । छानबिनको चरणमै कति पार्टीको चीरहरण भैसकेको छ । हामी यो वा त्यो पार्टी र व्यक्तिको कुरा गर्न चाहँदैनौं । प्रवृत्तिका विरुद्ध सचेत पार्न छाड्दैनौं । जुन प्रवृत्तिले देश बिगाऱ्यो, राजनीतिक संस्कृति र संस्कार ध्वस्त पाऱ्यो, त्यो प्रवृत्तिलाई सुसारेर मुसार्ने हो भने देशको अवशेष पनि बाँकी नरहला भन्ने पीर धेरैलाई पर्न थालेको छ । हामी भन्छौं - पीर नगर्नोस् । गलत प्रवृत्तिका विरुद्ध तीर सोझ्याउनोस् । तर त्यो अहिंसात्मक होस् । बुद्धको उपदेशले जस्तो प्रभाव पारोस् । विग्रेकाको बाटो सुधारोस् ।

पूर्वगृहमन्त्रीको स्तरमा पक्राउ पर्ने अवस्था आइसकेको छ अहिले । लहरो तान्दैजाँदा पहराको टुप्पैमा पुगिने विषयले मान्छेलाई जिज्ञासु बनाएको छ र कौतुहलता जगाएको छ । कसैले भन्छन् पूर्व र वर्तमान प्रधानमन्त्रीको सम्बन्ध जोडिएका प्रमाण बाहिरिई सके । होला वा नहोला समयले आफै जनाउला । पहिले निष्पक्ष रुपमा छानबिन हुन पाओस्, दोषीहरु किटान गर्ने अवस्थामा पुऱ्याओस्, त्यसपछि जे होला, सो देखा जाएगा । हुन त बालुवाटारमा ठूला तीन दलका शीर्ष नेताका बीचमा सहमति भैसकेको समाचार बाहिरिई सकेको छ - मन्त्रीभन्दा माथि आरोप लगाउने अवस्थामा जान नदिने भनेर । बाहिर विमति र भित्र सहमतिको त्यस्तो प्रवृत्तिप्रति अहिलेको समाज बेखबर छैन । तत्काल केही नभए पनि भोलि छाड्दैन । यो नक्कली शरणार्थी प्रकरण पीडितको उजुरी, नेपाल सरकारको चाहना र प्रहरीको सक्रियताले मात्रै छानबीनको दायरामा आएको हैन भन्ने विषय खुल्दैछ विस्तारै । अन्तर्राष्ट्रिय शक्तिकेन्द्रले दोहोलो काडेपछि बाध्य भएर फाइल खोलिएको भन्नेहरु बढदै गएका छन् । खैर, होला वा नहोला, केही समयपछि अवश्य थाहा पाइएला । तर अहिले जे भएको छ, राम्रै भएको छ भन्ने परेको छ समाजमा पनि ।

जो व्यक्ति पक्राउ परे या पर्दैछन्, जो फरार रहे वा अरु फरार हुने तयारीमा छन् । तिनका पछि लागेर प्रलाप गर्नुभन्दा पार्टी जोगाउनतिर लाग्दा राम्रै होला भन्ने सुझाव छ हाम्रो । कसैलाई राम्रो लाग्ला र कसैलाई नराम्रो । व्यक्ति जोगाउन पार्टीलाई दाउमा लगाउनु बुद्धिमानी हैन । होलान्, हिजोको बलिदान, त्याग, तपश्या र समर्पणले पार्टी निर्माणमा अतुलनीय योगदान पुऱ्याएका पनि । त्यसैको कदर गरेर अहिले जुन ठाउँमा छन्, त्यसको सदुपयोग गरेको भए हुन्थ्यो । दुरुपयोग गर्नाले विवादित बने । उनीबिना पार्टी चल्नै सक्दैन भन्नु पनि दुरुपयोगकै दृष्टान्त हो । राजनीतिक पार्टीलाई कसैको प्रा.लि.मा परिणत नगर्दा नै राम्रो होला । प्रा.लि. बनाउन खोज्नाले नै यो बेहाली आई लागेको विषय समयमै बुझियोस् । नेता भन्दा नीति, व्यक्ति भन्दा विधि र बोलीभन्दा व्यवहार रोजियोस्, हेरियोस् ।

# न्यायपालिकालाई पराश्रित बनाउने अभ्यास

आस, त्रास र भयमा हराउने न्यायाधीश वास्तविक अर्थमा न्यायाधीश नभएर फैसलाधीश हो । हरेक न्यायाधीश फैसालाधीशभन्दा माथि उठ्न सके मात्र न्यायपालिकाको स्वतन्त्रताको रक्षा हुन सक्छ ।




टीकाराम भट्टराई

**टीकाराम भट्टराई**

कानुन दिवस (वैशाख २६) को पूर्वसन्ध्यामा, पन्ध्र महिनादेखि रिक्त नेपालको प्रधान न्यायाधीशमा संवैधानिक परिषद्बाट कायम मुकायम प्रधान न्यायाधीश हरिकृष्ण कार्कीको नाम सिफारिससम्म भएको विषय आम सञ्चारमाध्यमको प्रमुख समाचार भएको छ र न्यायिक जगत्ले ठूलै युद्ध जितेको अनुभूति गरेको छ।

जबकि यो राजनीतिक दल र सरकारको संवैधानिक दायित्वको विषय हो र खासमा यो कुनै समाचारको विषय नै होइन, बिलकुल सामान्य राजकीय कार्य मात्र हो। यही दृष्टान्तबाट सरकार र राजनीतिक दलहरूको संविधान र स्वतन्त्र न्यायपालिकाप्रतिको वफादारी स्पष्ट हुन्छ। प्रधान न्यायाधीशको नियुक्तिको सकसले राजनीतिक दलहरू स्वतन्त्र न्यायपालिकालाई निर्देशित वा पराश्रित न्यायपालिकामा रूपान्तरण गर्न चाहन्छन् भन्ने देखिन्छ। संविधानसभाले बनाएको संविधानले स्वतन्त्र राखेको न्यायपालिकालाई आफ्नो नियन्त्रण अनि त्रास र आसमा राख्ने प्रयासलाई यस पटक ठूलै जनदबाबले पराजित त गरेको छ तर नेपाली राजनीतिमा प्रधान न्यायाधीश र सिंगो न्यायपालिकालाई राजनीतिक नेतृत्वको स्वविवेकको विषयका रूपमा स्थापित गर्ने भाष्यको जबर्जस्ती रचना गरिँदै छ। बाख्रो मर्नुभन्दा पनि बाघ पल्किनुचाहिँ खतरनाक हो।

### अधीनस्थको अभ्यास

यस घटनाबाट राजनीतिक दलहरूको सामूहिक प्रयासमा नेपालको न्यायपालिकालाई आफू अधीनस्थ राख्ने अघोषित सम्झौता भएको प्रतीत भएको छ। उसो त संविधानसभामा न्यायपालिकालाई संसद्को अधीनस्थ राख्ने औपचारिक मत दर्ज भएको थियो। नेपालको 'लिगल कम्युनिटी' को सशक्त प्रतिरोधका कारण त्यसले औपचारिकता पाउन सकेन। मलाई अहिले पनि याद छ, संविधानसभाको पहिलो कार्यकालमा संविधानको प्रथम मस्यौदा बन्दै गर्दा न्यायपालिका कार्यपालिका र व्यवस्थापिकाको अधीनस्थ हुनुपर्ने अलोकतान्त्रिक मत र शक्तिविरुद्ध नेपाल बारको नेतृत्वमा रहेर प्रतिरोध गर्दा हामी धेरै जनाले प्रतिगामी र परिवर्तनविरोधीको आरोप खेप्नुपरेको थियो। तर हाम्रो सशक्त प्रतिरोध र सञ्चारमाध्यमको अभूतपूर्व सहयोगका अगाडि त्यो गलत सोच आफैं परास्त भयो, संविधानको प्रस्तावनामा 'स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायपालिका' स्थापना गर्ने उद्देश्य अभिलेखीकरण गरियो र तदनुकूल अन्य संवैधानिक प्रावधानहरू राखिए।

तर एक दशक पनि नपुग्दै आज स्वतन्त्र न्यायपालिकालाई कार्यपालिका वा विधायिकाको अधीनस्थ राखिने षड्यन्त्रपूर्ण अभ्यास सुरु भइसकेको छ। राजनीतिक दलहरूले यस्तो भाष्य निर्माण गर्न खोज्दै छन्, मानौं अब तिनीहरूले नचाहेसम्म प्रधान न्यायाधीश र अन्य न्यायाधीशको नियुक्ति सम्भव छैन र तिनीहरूले चाहेको न्यून बजेटको सीमाभित्र रहेर काम गर्न तयार नहुँदासम्म नेपालको न्यायपालिकाले सिन्को पनि भाँच्न सक्दैन। यही भाष्य निर्माण गर्नका लागि प्रमुख राजनीतिक दलहरूबीच अघोषित सम्झौता भएको देखिन्छ। विश्वका प्रजातान्त्रिक देशहरूको सूचीमा दरिएको नेपाल पन्ध्र महिनादेखि न्यायपालिका नेतृत्वविहीन बनाइँदा त्यस सूचीबाट हट्न सक्ने जोखिम बढेर गएको छ। यसको मूल जवाफदेही सरकारमा जान्छ। दोष प्रतिपक्षलाई दिएर सत्तापक्ष पानीमाथिको ओभानो बन्ने भ्रम छरिरहेको र प्रतिपक्ष सत्तापक्षलाई दोष दिएर टाउको जोगाउने प्रयत्न गरिरहेको अवस्थामा अहिले प्रधान न्यायाधीशको सिफारिससम्म भएको छ। यस पटकको घटनाले नेपालको न्यायपालिका इतिहासमै लामो समयसम्म प्रधान न्यायाधीशविहीन बन्न बाध्य भयो। जसले जसलाई दोष दिए पनि मुलुक प्रधान न्यायाधीशविहीन हुनुको पहिलो जवाफदेही संविधानतः सरकारकै हुन्छ। अन्तर्राष्ट्रिय जगत्ले प्रश्न गर्ने सरकारलाई नै हो। यति लामो समयसम्म नेपालमा प्रधान न्यायाधीशको नियुक्ति हुन नसकेको दोष प्रतिपक्षको टाउकामा हालेर सरकार आफ्नो संवैधानिक र राजकीय दायित्वबाट उम्कन सक्दैन।

### दायित्वच्युत नेतृत्व

संविधानको धारा २८४(३) मा प्रधान न्यायाधीशसहित संवैधानिक अंगका पदाधिकारीहरूको पद रिक्त हुनु एक महिनाअगावै संवैधानिक परिषद्ले नियुक्तिको सिफारिस गरिसक्नुपर्ने बाध्यात्मक कानुनी व्यवस्था छ। तत्कालीन प्रधान न्यायाधीश चोलेन्द्रशमशेर जबरा निलम्बनकै अवस्थामा गत मंसिर २८ गते उमेर हदका कारण सेवानिवृत्त हुनुभन्दा एक महिनाअगावै नयाँ प्रधान न्यायाधीशको नियुक्तिको सिफारिस गरिसक्नुपर्ने बाध्यात्मक संवैधानिक दायित्वलाई तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाबाट पूरा हुन सकेन। त्यसपछि गत पुस १० गते नियुक्त वर्तमान प्रधानमन्त्रीले समेत समयमै प्रधान न्यायाधीशको नियुक्तिको सिफारिस गर्न नसकेको तथ्यले त्यो काम सत्ताधारीहरूको मिलेमतोमै भएको बुझ्न गाह्रो छैन। यसरी कार्यपालिका वा संवैधानिक परिषद् कर्तव्यच्युत हुँदा संविधान कार्यान्वयनमा गम्भीर प्रश्न उठेको छ। संवैधानिक दायित्व पूरा गर्न असमर्थ वा अक्षम पदाधिकारीले पदमा बस्ने नैतिकता गुमाउँछ। संवैधानिक परिषद्का प्रत्येक सदस्यले 'संविधानको पालना गर्छु' भन्दै पद तथा गोपनीयताको शपथ खाएका हुन्छन्। शपथ सार्वजनिक रूपमा गरिएको प्रतिबद्धता र आफूलाई नैतिक बन्धनमा राख्ने हतियार पनि हो। जब त्यो शपथको उल्लंघन हुन्छ तब व्यक्तिविशेषलाई त्यस पदमा बस्ने नैतिक अधिकार हुँदैन।

### खतरामा स्वतन्त्रता

न्यायपालिकाको स्वतन्त्रता र प्रधान न्यायाधीशको नियुक्तिलाई राजनीतिक दलहरूको स्वविवेकको विषय बनाउने अभ्यासको सुरुआत गरिँदै छ। अझ भन्नुपर्दा, यो पद राजनीतिक दलहरूमा आश्रित हुन पुगेको छ। प्रधान न्यायाधीशको पद राजनीतिक दलहरूको स्वविवेकको विषय वा तिनमा आश्रित हुनुपर्ने अवस्थामा पुग्नुको अर्थ हो- न्यायपालिकाले आफ्नोस्वतन्त्रता गुमाउनु। यस्तो अवस्थामा हाम्रो न्यायपालिका संविधानले परिकल्पना गरे बमोजिम स्वतन्त्र, निष्पक्ष र प्रभावकारी रहन सक्ला ? यो गम्भीर प्रश्नबारे ठन्डा दिमागले विमर्श गर्नुपर्ने भएको छ। प्रमुख सवाल अहिलेका कायम मुकायम प्रधान न्यायाधीशलाई प्रधान न्यायाधीश बनाउने हुँदै होइन, संवैधानिक प्रावधान लत्याएर स्वतन्त्र न्यायपालिकामाथि राजनीतिक दलहरू र कार्यकारिणीले कसरी हस्तक्षेप गरिरहेका छन् भन्नेचाहिँ हो। यस्तो दुःखद, पश्चगामी र लोकतन्त्रमाथिकै निर्मम प्रहारलाई न्यायिक जगत्ले टुलुटुलु हेरेर बसिरहँदा यही गलत भाष्य स्थापित हुनेछ र प्रधान न्यायाधीश हुने हरेक पात्रले भविष्यमा राजनीतिक दलको ढोका चहार्नुपर्ने र प्रस्तावित प्रधान न्यायाधीशले विवेक बन्धक राख्नुपर्ने अकल्पनीय परिस्थिति बन्नेछ। त्यस्तो भए लोकतन्त्र नबच्ने र मुलुक अराजकताको बाटामा जाने निश्चित छ।

२०४७ सालको संविधानदेखि नै अवलम्बन गरिएको संवैधानिक परिषद् र न्यायपरिषद्को अभ्यास एवम् २०६३ सालको अन्तरिम संविधानबाट अवलम्बन गरिएको न्यायाधीशहरूको संसदीय सुनुवाइको अभ्यासले न्यायपालिकालाई राजनीतिक दल र सरकारप्रति आश्रित बनाएको भन्ने जनमत आज प्रबल बन्दै गएको छ। यदि यही नै समस्या हो भने समयक्रममा संविधान संशोधन गरेर यी प्रावधानहरूमा पुनर्विचार पनि गर्न सकिन्छ। तर संविधान संशोधनको यो बाटो सोचेजस्तो सहज र सरल छैन। संविधान संशोधनको पोको खोल्नेबित्तिकै मुलुकमा अर्को अस्थिरता, अराजकता र आन्दोलनको मौसम प्रारम्भ हुने निश्चितप्रायः छ। यस्तो अवस्थामा स्वयं न्यायपालिका र समग्र लिगल कम्युनिटीले राजनीतिक हस्तक्षेपबाट न्यायपालिकालाई बचाउन तत्कालै केही नगरी नहुने परिस्थिति उत्पन्न भइसकेको छ।विगत पञ्चायतकाल वा राजा ज्ञानेन्द्रको शाही कालमा समेत पटकपटक न्यायपालिकामा राजनीतिक हस्तक्षेप हुँदा स्वयं अदालतले आफूलाई बचाएका दृष्टान्तहरू गौरवगाथाका रूपमा अभिलिखित छन्। त्यो गौरवगाथाको विरासतलाई जोगाइराख्नसमेत अब नेपाल बार र स्वयं सर्वोच्च अदालतले स्वतन्त्र न्यायपालिकालाई बचाउन निर्णायक कदम चाल्नुपर्ने आवश्यकता भइसकेको छ।

### प्रवृत्ति उही छ

खासमा राजनीतिक दलहरू र कार्यपालिका जहिले पनि न्यायपालिकाप्रति अनुदार र पूर्वाग्रही नै देखिन्छन्। हाम्रो सन्दर्भमा समय र परिस्थिति अनुसार पात्र मात्र फेरिएका छन्, प्रवृत्तिमा खास फरक देखिएको छैन। सबै कालखण्डका सबै शासक न्यायपालिकालाई आफ्नो स्वार्थ पूरा गर्ने मातहतको अड्डाजस्तो सम्झन्छन्। न्यायपालिकामा आफूअनुकूलका पात्र खोजेर तीमार्फत आफ्नो स्वार्थ पूरा गर्ने अभिलाषा राख्छन् र त्यो अभिलाषा पूरा भएन भने तिनका विरुद्धमा प्रतिशोध साध्न क्षणभरमै तयार हुन्छन्। एउटा प्रहरी कर्मचारीको बढुवाको विषयमा आफ्नो स्वार्थ पूरा नभएका कारण तत्कालीन प्रधान न्यायाधीश सुशीला कार्कीविरुद्ध दर्ता गरिएको महाभियोगको प्रस्ताव यसैको एउटा दृष्टान्त हो।न्यायपालिका कार्यपालिका वा राजनीतिक दलहरूसँग जति डराउँछ, उसले आफ्नो स्वतन्त्रता त्यति नै गुमाउँदै जान्छ। अमुक पदमा नियुक्त हुने लालसाले न्यायाधीशहरूको विवेक बन्धक बन्न पुग्छ र कार्यपालिकाले त्यति नै मात्रामा न्यायपालिकालाई लखेट्न थाल्छ। कार्यपालिका वा राजनीतिक नेतृत्वसँग आस र त्रास राख्ने प्रवृत्तिले न्यायिक स्वतन्त्रता नै खतरामा पुग्छ। यसर्थ न्यायिक स्वतन्त्रताका लागि स्वयं न्यायिक नेतृत्व र न्यायपालिकाले राजनीतिक नेतृत्वप्रतिको आस र त्रासबाट बच्न सक्नुपर्छ। भनिन्छ– न्यायाधीश बोल्दैन, फैसला बोल्छ। आफूसमक्ष आएका विवादमा संविधान र कानुन बमोजिम निर्भीकतापूर्वक फैसलामार्फत बोल्न हिम्मत गर्ने न्यायाधीश असली न्यायाधीश हो। आस, त्रास र भयमा हराउने न्यायाधीश वास्तविक अर्थमा न्यायाधीश नभएर फैसलाधीश हो। हरेक न्यायाधीश फैसलाधीशभन्दा माथि उठ्न सके मात्र न्यायपालिकाको स्वतन्त्रताको रक्षा हुन सक्छ।

### सन्दर्भ कानुन दिवस

आज पनि हामी न्यायपालिकामा राजनीतिक हस्तक्षेपको विषय जोडदार ढंगले उठाइरहेका छौं। तर राणाकालमै यो विषय कानुनी रूपमा निरूपण भइसकेको थियो। विक्रम संवत् १९९७ सालसम्म कार्यपालिका र न्यायपालिकाको काम गर्ने एउटै निकाय रहेकामा श्री ३ जुद्धशमशेरले प्रधान न्यायालयको स्थापना गरी कार्यपालिका र न्यायपालिकालाई अलग गरेका थिए। १९९७ असार १२ गते प्रधान न्यायालय खडा गर्न जुद्धशमशेरले जारी गरेको सनदको प्रस्तावनामा 'विदेशी मुलुकमा पनि न्याय र कार्यकारिणी विभाग छुट्टाछुट्टै राखी तहतह अख्तियारी दिई काम गर्ने कानुन भई सो बमोजिम काम चलिआएको हुनाले हाम्रो मुलुकमा पनि बन्दोबस्त गर्ने र मुद्दामामिलातर्फको काम गर्ने अड्डा अर्थात् एक्जुकेटिभ र जुडिसियल छुट्याई बेग्लाबेग्लै काम अर्थात् न्याय र कार्यकारिणीको काम बेग्लाबेग्लै गराउने गर्नलाई यो बन्दोबस्त गरिएको छ' ('हाम्रो कानुनी इतिहासको नालीबेली,' प्रकाश वस्ती) भनी उल्लेख गरिएबाट राणाकालमै स्वतन्त्र न्यायपालिकाको परिकल्पना गरिएको देखिन्छ।यसरी जुद्धशमशेरले सनदद्वारा स्थापना गरेको प्रधान न्यायालयलाई सात सालको जनक्रान्तिपश्चात् प्रधान न्यायालय ऐन-२००८ ले वैधानिकता प्रदान गऱ्यो। तर त्यो ऐन तत्काल लागू भएन। २००९ वैशाख २६ गते त्यस ऐनमा लालमोहर लागेका कारण प्रत्येक वर्ष वैशाख २६ लाई कानुन दिवसका रूपमा मनाउने गरिएको हो। यसरी लालमोहर वैशाख २६ मा लागे पनि ऐनमै भएको व्यवस्था बमोजिम त्यो ऐन लागू हुन राजपत्र (गजेट) मा सूचना प्रकाशन गर्नुपर्थ्यो। उक्त ऐन २००९ पुस ८ गते गजेटमा प्रकाशित भएर लागू भएको थियो। तर कानुन दिवस भने लालमोहर लागेको वैशाख २६ गतेको दिन मनाउने गरिएको छ। २००७ सालको परिवर्तनपश्चात् अलग्गै ऐनद्वारा प्रधान न्यायालयलाई पूर्ण व्यवस्थित गरिएको थियो। त्यही प्रधान न्यायालय ऐनमा लालमोहर लागेको दिनलाई कार्यपालिकाबाट न्यायपालिकालाई अलग गर्ने दिनका रूपमा मानेर कानुन दिवस मनाउने गरिएको हो। राणा शासनदेखि अलग्गै र स्वतन्त्र अस्तित्व कायम रहेको न्यायपालिकामा पटकपटक राजनीतिक नेतृत्वबाट हस्तक्षेप हुँदै आएको भए पनि स्वयं न्यायपालिका र बार एसोसिएसनको अथक प्रतिरोधले नेपालको न्यायपालिकाले आफ्नो स्वतन्त्र छवि बचाउँदै आएको छ। यो संस्था कार्यपालिकाको अधीनस्थ वा उसको आस र त्रासमा रहनुपर्ने परिस्थिति बनाइयो भने निश्चित छ नेपालमा लोकतान्त्रिक प्रणाली कायम रहनेछैन। न्यायपालिकालाई राजनीतिक नेतृत्वको पराश्रित बनाउने गरी भइरहेको असंवैधानिक अभ्यासको प्रतिरोध गरौं। स्वतन्त्र न्यायपालिकाको अस्तित्वको रक्षा गरौं।-कान्तिपुर

# अर्घाखाँची : आगलागी मृतकको संख्या ४ पुग्यो




बुटवल २७ वैशाख

घर्खाँचीमा घरमा लागेको आगो निभाउने क्रममा जलेर मृत्यु हुनेको संख्या चार पुगेको छ । आगलागीमा परेर घाइते भएका थप एक जनाको उपचारका क्रममा काठमाडौंमा मृत्यु भएको छ ।भूमिकास्थान नगरपालिका-२ का ३६ वर्षीय माधव बेल्वासेको कीर्तिपुर अस्पतालमा उपचारका क्रममा बुधबार बिहान मृत्यु भएको जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीका इन्सपेक्टर कृष्णप्रसाद घिमिरेले जानकारी दिए ।

भूमिकास्थान नगरपालिका-२ तिरतिरे जंगलमा मंगलबार लागेको आगो स्थानीय पदम बेल्वासेको दुई तले कच्ची टिनले छाएको घरमा सल्केको थियो । घरमा लागेको आगो निभाउने क्रममा गम्भीर घाइते भएको पाँच जनामध्ये ७२ वर्षीय पिताम्बर बेल्वासे, ५५ वर्षीय पदम बेल्वासे र ५२ वर्षीय घनश्याम बेल्वासेको यसअघि नै मृत्यु भइसकेको थियो ।

पदमलाई थप उपचारको लागि काठमाडौ लैजाने क्रममा नारायणगढमा र पिताम्बरको मिसन अस्पतालबाट काठमाडौं लैजादै गर्दा पाल्पामै मंगलबार राति मृत्यु भएको हो ।काठमाडौस्थित कीर्तिपुर अस्पतालमा उपचाररत माधव र घनश्यामको भने बुधबार बिहान ७ बजे मृत्यु भएको प्रहरीले जनाएको छ । आगलागीमा परेकी २६ वर्षीय अस्मिता बेल्वासेको पाल्पा मिसन अस्पतालमा उपचार भैरहेको र उनी खतरामुक्त रहेको प्रहरी निरीक्षक घिमिरेले बताए ।घाइते सबैलाई अर्घाखाँची अस्पतालमा प्राथमिक उपचारपछि मंगलबारै पाल्पा मिसन अस्पताल लगिएको थियो ।

# पर्यटकीय क्षेत्रको विकास प्राथमिकतामा : मुख्यमन्त्री चौधरी



बाँके २७ वैशाख

लुम्बिनी प्रदेशका मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले पर्यटकीय क्षेत्रको विकास र बिस्तारका लागि प्रदेश सरकारले प्राथमिकतामा राखेर काम गर्ने बताउनुभएको छ । आगामी आर्थिक वर्षको बार्षिक बजेट र नीति तथा कार्यक्रममा पर्यटन क्षेत्रले प्राथमिकता पाउने मुख्यमन्त्री चौधरीको भनाइ छ ।

बाँकेको बैजनाथ गाउँपालिकामा रहेको पर्यटकीय क्षेत्र गाभरको बुधबार स्थलगत अनूगमन तथा निरीक्षणका क्रममा मुख्यमन्त्री चौधरीले भन्नुभयो, "प्रदेश सरकारले आन्तरिक र बाह्य पर्यटकलाई लक्षित गरी पर्यटकीय क्षेत्रलाई प्राथमिकता दिने भएकाले त्यसका लागि आवश्यक योजना बनाएर अघि बढिनेछ ।"

प्रतिनिधीसभा सांसद समेत रहनुभएका नेपाली काङ्ग्रेसका सहमहामन्त्री किशोरसिंह राठौरसहित पुग्नुभएका मुख्यमन्त्री चौधरीले प्रदेश योजना आयोग तथा प्रदेशका विभिन्न मन्त्रालय अन्तर्गतका कार्यालय प्रमुखलाई गाभर उपत्यकामा थप लगानी गरी यसलाई प्रदेशकै प्रमुख गन्तव्यको रुपमा अघि बढाउन निर्देशन दिनुभयो । मुख्यमन्त्री चौधरीले कर्णाली प्रदेशको प्रवेशद्वारमा रहेको गाभरको पर्यटकीय विकासका लागि होमस्टेसँगै यस क्षेत्रमा वस्ती व्यवस्थापन, सडक निर्माण तथा अन्य आवश्यक पूर्वाधार निर्माणका लागि योजनावद्ध तयारी गर्न मातहत निकायलाई निर्देशन दिनुभयो । गाभरका पर्यटन ब्यवसायी कृष्ण चौधरीले मुख्यमन्त्री चौधरीले गाभरको पर्यटकीय विकासका लागि चासो दिदैं स्थलगत अनूगमन गरेपछि आगामी आवको बार्षिक बजेटमा गाभरबासीका माग सम्बोधन हुने बिश्वास ब्यक्त गर्नुभयो । :


Krishnanagar manicipality

**Office of Municipal Executive**

Krishnanagar , Kapilvastu

Lumbini Province

**Invitation for online Bids**

Date of Second publication : 2080-01-28 (11 th May ,2023)

The krishnanagar Municipality, Office of the Municipal Executive, krishnanagar kapilvastu invites online bids under e-procurement system from eligible bidders for the procurement of following works. The bidders can visit the PPMO web side www.hhtp://bolptra.gov.np for the brief description with public entity name: Office of Municipal Executive Krishnanagar ,kapilvastu .

| . S.N | Contract ID | Name of Projects | Unit Estimated Cost (in NRs.) (Excluding VAT, Import Duty, Custom Duty and other taxes) | Bids Security (NRs.) | Bid Doc fee | Final Bid submission Date & Time | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | KNM/NCB/GOODS-02/079-80 | Procurement of Ambulance Category-B (Exemptions of Import duty, custom duty, and other related taxes as specified by Government Of Nepal) | 20,00,000.00 | 115000.00 | 3000.00 | 26-05-2023 12:00 | |

Ishwari Prasad Sharma
Chief Administrative Officer



**Banganga Municipality Office**

**Office of Municipal Executive**

**Invitation for Online Bids**

Date of publication: 2080-01-28

1. The Banganga Municipality Office invite eligible bidder for the contracts named below.

| S.No . | Contract Package No./Works | Bid Security Amount (Nrs.) | Fee for Bid Document | Remarks |
|---|---|---|---|---|
| 1 | 69/NCB/BMO/KAPIL/GOODS/79-80, Supply and Delivery of Remaining Medicine Goods | 62,500.00 | 3,000 | |

2. Interested bidders may obtain further information at Banganga Municipality office or may visit PPMO website www.bolpatra.gov.np/egp and Interested bidders should submit online bids through e-procurement portal http://www.bolpatra.gov.np/egp only and deposit the cost of bidding document in the following specified bank.
Name of the Bank: Agricultural Development Bank Ltd.,
Banking Branch Office: Jitpur 4 No,
Name of the Office: Banganga Municipality Office
Office Account no: 0415601617188014
3. Any amendment in the tender notice will be posted in the notice board at office and PPMO's Web site www.bolpatra.gov.np/egp. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

-Chief Administrative Officer


# पेस्तोलसहित पक्राउ



दाङ २७ वैशाख

बाँकेको नेपालगञ्जबाट प्रहरीले पेस्तोलसहित एक जनालाई पक्राउ गरेको छ । नेपालगञ्जको धम्बोजी नजिक सुर्खेतरोडमा रहेको एउटा डान्सबारबाट निस्किँदै गर्दा बर्दिया बाँसगढी नगरपालिका-८ का २८ वर्षीय सुमन रिजाललाई गएराति पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय, बाँकेले जनाएको छ ।उनको साथबाट मेडइन युएसए लेखिएको एक राउण्ड गोली समेत बरामत भएको छ । रिजाललाई हातहतियार तथा खरखजना मुद्दा चलाइने प्रहरीले जनाएको छ ।


वनलाई डढेलोबाट जोगाऔं

गर्मी यामसँगै हावाहुरी बढि चल्ने र वन डढेलो लाग्ने जोखिम पनि उच्च हुने भएकाले लाइटर, सलाई, हात, हतियार लगाएतका निशेधित वस्तुहरु लिएर वन क्षेत्रमा प्रवेश नगर्नुहुन सम्पूर्ण उपभोक्ताहरुमा हार्दिक अपिल गर्दछौं वन डढेलोको कारण हरियो वन तथा वन्य जन्तुहरु नष्ट भई वातावरणीय असन्तुलन पैदा हुने खतरा हुन्छ तसर्थ वन संरक्षणमा योगदान पुऱ्याउन र आफुले जानेबुझेका कुरा गाउँ, घर, छरछिमेकीलाई पनि बुझाउन सबैमा सविनय अनुरोध गर्दछौं

वनमा हरित पेटी तथा अग्नि रेखा निर्माण गरी नियमित सफा गरौं, आगोको फैलावटमा बाधा पुऱ्याऔं





खुतखुते सामुदायिक वन उपभोक्ता समूह परिवार

बाणगंगा न.पा -९, कपिलवस्तु



वनलाई डढेलोबाट जोगाऔं

गर्मी यामसँगै हावाहुरी बढि चल्ने र वन डढेलो लाग्ने जोखिम पनि उच्च हुने भएकाले लाइटर, सलाई, हात, हतियार लगाएतका निशेधित वस्तुहरु लिएर वन क्षेत्रमा प्रवेश नगर्नुहुन सम्पूर्ण उपभोक्ताहरुमा हार्दिक अपिल गर्दछौं वन डढेलोको कारण हरियो वन तथा वन्य जन्तुहरु नष्ट भई वातावरणीय असन्तुलन पैदा हुने खतरा हुन्छ तसर्थ वन संरक्षणमा योगदान पुऱ्याउन र आफुले जानेबुझेका कुरा गाउँ, घर, छरछिमेकीलाई पनि बुझाउन सबैमा सविनय अनुरोध गर्दछौं

वनमा हरित पेटी तथा अग्नि रेखा निर्माण गरी नियमित सफा गरौं, आगोको फैलावटमा बाधा पुऱ्याऔं





कोटीहवा सामुदायिक वन उपभोक्ता समूह परिवार

बाणगंगा न.पा -भलवाड कपिलवस्तु



वनलाई डढेलोबाट जोगाऔं

गर्मी यामसँगै हावाहुरी बढि चल्ने र वन डढेलो लाग्ने जोखिम पनि उच्च हुने भएकाले लाइटर, सलाई, हात, हतियार लगाएतका निशेधित वस्तुहरु लिएर वन क्षेत्रमा प्रवेश नगर्नुहुन सम्पूर्ण उपभोक्ताहरुमा हार्दिक अपिल गर्दछौं वन डढेलोको कारण हरियो वन तथा वन्य जन्तुहरु नष्ट भई वातावरणीय असन्तुलन पैदा हुने खतरा हुन्छ तसर्थ वन संरक्षणमा योगदान पुऱ्याउन र आफुले जानेबुझेका कुरा गाउँ, घर, छरछिमेकीलाई पनि बुझाउन सबैमा सविनय अनुरोध गर्दछौं

वनमा हरित पेटी तथा अग्नि रेखा निर्माण गरी नियमित सफा गरौं, आगोको फैलावटमा बाधा पुऱ्याऔं





साहारा सामुदायिक वन उपभोक्ता समूह

बाणगंगा-९, कपिलवस्तु



वनलाई डढेलोबाट जोगाऔं

गर्मी यामसँगै हावाहुरी बढि चल्ने र वन डढेलो लाग्ने जोखिम पनि उच्च हुने भएकाले लाइटर, सलाई, हात, हतियार लगाएतका निशेधित वस्तुहरु लिएर वन क्षेत्रमा प्रवेश नगर्नुहुन सम्पूर्ण उपभोक्ताहरुमा हार्दिक अपिल गर्दछौं वन डढेलोको कारण हरियो वन तथा वन्य जन्तुहरु नष्ट भई वातावरणीय असन्तुलन पैदा हुने खतरा हुन्छ तसर्थ वन संरक्षणमा योगदान पुऱ्याउन र आफुले जानेबुझेका कुरा गाउँ, घर, छरछिमेकीलाई पनि बुझाउन सबैमा सविनय अनुरोध गर्दछौं

वनमा हरित पेटी तथा अग्नि रेखा निर्माण गरी नियमित सफा गरौं, आगोको फैलावटमा बाधा पुऱ्याऔं





मनकामना सामुदायिक वन उपभोक्ता समूह

बाणगंगा-२, कपिलवस्तु



वनलाई डढेलोबाट जोगाऔं

गर्मी यामसँगै हावाहुरी बढि चल्ने र वन डढेलो लाग्ने जोखिम पनि उच्च हुने भएकाले लाइटर, सलाई, हात, हतियार लगाएतका निशेधित वस्तुहरु लिएर वन क्षेत्रमा प्रवेश नगर्नुहुन सम्पूर्ण उपभोक्ताहरुमा हार्दिक अपिल गर्दछौं वन डढेलोको कारण हरियो वन तथा वन्य जन्तुहरु नष्ट भई वातावरणीय असन्तुलन पैदा हुने खतरा हुन्छ तसर्थ वन संरक्षणमा योगदान पुऱ्याउन र आफुले जानेबुझेका कुरा गाउँ, घर, छरछिमेकीलाई पनि बुझाउन सबैमा सविनय अनुरोध गर्दछौं

वनमा हरित पेटी तथा अग्नि रेखा निर्माण गरी नियमित सफा गरौं, आगोको फैलावटमा बाधा पुऱ्याऔं





नवप्रभात सामुदायिक वन उपभोक्ता समूह परिवार

बाणगंगा न.पा , कपिलवस्तु



वनलाई डढेलोबाट जोगाऔं

गर्मी यामसँगै हावाहुरी बढि चल्ने र वन डढेलो लाग्ने जोखिम पनि उच्च हुने भएकाले लाइटर, सलाई, हात, हतियार लगाएतका निशेधित वस्तुहरु लिएर वन क्षेत्रमा प्रवेश नगर्नुहुन सम्पूर्ण उपभोक्ताहरुमा हार्दिक अपिल गर्दछौं वन डढेलोको कारण हरियो वन तथा वन्य जन्तुहरु नष्ट भई वातावरणीय असन्तुलन पैदा हुने खतरा हुन्छ तसर्थ वन संरक्षणमा योगदान पुऱ्याउन र आफुले जानेबुझेका कुरा गाउँ, घर, छरछिमेकीलाई पनि बुझाउन सबैमा सविनय अनुरोध गर्दछौं

वनमा हरित पेटी तथा अग्नि रेखा निर्माण गरी नियमित सफा गरौं, आगोको फैलावटमा बाधा पुऱ्याऔं





त्रिशक्ति सामुदायिक वन उपभोक्ता समूह परिवार


बाणगंगा न.पा -८, कपिलवस्तु



वनलाई डढेलोबाट जोगाऔं

गर्मी यामसँगै हावाहुरी बढि चल्ने र वन डढेलो लाग्ने जोखिम पनि उच्च हुने भएकाले लाइटर, सलाई, हात, हतियार लगाएतका निशेधित वस्तुहरु लिएर वन क्षेत्रमा प्रवेश नगर्नुहुन सम्पूर्ण उपभोक्ताहरुमा हार्दिक अपिल गर्दछौं वन डढेलोको कारण हरियो वन तथा वन्य जन्तुहरु नष्ट भई वातावरणीय असन्तुलन पैदा हुने खतरा हुन्छ तसर्थ वन संरक्षणमा योगदान पुऱ्याउन र आफुले जानेबुझेका कुरा गाउँ, घर, छरछिमेकीलाई पनि बुझाउन सबैमा सविनय अनुरोध गर्दछौं

वनमा हरित पेटी तथा अग्नि रेखा निर्माण गरी नियमित सफा गरौं, आगोको फैलावटमा बाधा पुऱ्याऔं


खोजीपुर सामुदायिक वन उपभोक्ता समूह परिवार

बाणगंगा न.पा -९, कपिलवस्तु



वनलाई डढेलोबाट जोगाऔं

गर्मी यामसँगै हावाहुरी बढि चल्ने र वन डढेलो लाग्ने जोखिम पनि उच्च हुने भएकाले लाइटर, सलाई, हात, हतियार लगाएतका निशेधित वस्तुहरु लिएर वन क्षेत्रमा प्रवेश नगर्नुहुन सम्पूर्ण उपभोक्ताहरुमा हार्दिक अपिल गर्दछौं वन डढेलोको कारण हरियो वन तथा वन्य जन्तुहरु नष्ट भई वातावरणीय असन्तुलन पैदा हुने खतरा हुन्छ तसर्थ वन संरक्षणमा योगदान पुऱ्याउन र आफुले जानेबुझेका कुरा गाउँ, घर, छरछिमेकीलाई पनि बुझाउन सबैमा सविनय अनुरोध गर्दछौं

वनमा हरित पेटी तथा अग्नि रेखा निर्माण गरी नियमित सफा गरौं, आगोको फैलावटमा बाधा पुऱ्याऔं





सरेपानी सामुदायिक वन उपभोक्ता समूह परिवार

बाणगंगा न.पा -९, कपिलवस्तु



वनलाई डढेलोबाट जोगाऔं

गर्मी यामसँगै हावाहुरी बढि चल्ने र वन डढेलो लाग्ने जोखिम पनि उच्च हुने भएकाले लाइटर, सलाई, हात, हतियार लगाएतका निशेधित वस्तुहरु लिएर वन क्षेत्रमा प्रवेश नगर्नुहुन सम्पूर्ण उपभोक्ताहरुमा हार्दिक अपिल गर्दछौं वन डढेलोको कारण हरियो वन तथा वन्य जन्तुहरु नष्ट भई वातावरणीय असन्तुलन पैदा हुने खतरा हुन्छ तसर्थ वन संरक्षणमा योगदान पुऱ्याउन र आफुले जानेबुझेका कुरा गाउँ, घर, छरछिमेकीलाई पनि बुझाउन सबैमा सविनय अनुरोध गर्दछौं

वनमा हरित पेटी तथा अग्नि रेखा निर्माण गरी नियमित सफा गरौं, आगोको फैलावटमा बाधा पुऱ्याऔं





फुलबारी सामुदायिक वन उपभोक्ता समूह परिवार

बाणगंगा न.पा -७, कपिलवस्तु

### भुटानी शरणार्थी प्रकरण :

# पूर्व गृहमन्त्री खाँण र निजी सचिव पक्राउ



काठमाण्डौ २७ वैशाख

नक्कली भुटानी शरणार्थी प्रकरणमा प्रहरीले पूर्व गृहमन्त्री एवम् नेपाली कांग्रेसका नेता बालकृष्ण खाणलाई पक्राउ गरेको छ।

प्रहरीले अनुसन्धानको लागि भन्दै खाण र उनका निजी सचिव नरेन्द्र केसीलाई बुधबार बिहान निवासबाटै पक्राउ गरेको हो।

नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने भन्दै ठगी गरेको अभियोगमा यसअघि पक्राउ परेकाहरुले दिएको बयानका आधारमा नेता खाण पक्राउ परेका हुन्।

खाँणकी पत्नी मञ्जु खाण र कांग्रेस नेतृ आरजु राणालाई रकम बुझाउनुपर्ने भन्दै बिचौलियासँगको अडियो सम्वाद समेत यसअघि सार्वजनिक भैसकेको छ। त्यो अडियो माथि प्रहरीले अनुसन्धान गरिरहेको छ।नक्कली भुटानी शरणार्थी प्रकरणमा मुछिएका पूर्व उपप्रधानमन्त्री एवम् एमाले सचिव टोपबहादुर रायमाझी भने फरार छन् ।प्रहरीले यसअघि सचिव टेकनारायण पाण्डे, टोपबहादुर रायमाझीका छोरा सन्दीप, तत्कालीन गृहमन्त्री रामबहादुर थापाका सुरक्षा सल्लाहकार ईन्द्रजित राई, केशव दुलाल, सानु भण्डारी, टङ्क गुरुङ, सन्देश शर्मा पोखरेल र सागर थुलुङसहित १० जनालाई पक्राउ गरिसकेको छ।

# रायमाझीले आफू बिरामी परेको पत्र पठाए



बुटवल २७ वैशाख

नक्कली भुटानी शरणार्थी प्रकरणमा पक्राउ पुर्जी जारी भएपछि फरार रहेका नेकपा (एमाले) का सांसद टोपबहादुर रायमाझीले आफू बिरामी परेको पत्र संसद सचिवालयलाई पठाएका छन्।

संसद सचिवालयलाई उनले आफू बिरामी भएर उपचाररत रहेको भन्दै पत्र पठाएका हुन्। रायमाझीलाई आजै एमालेले पार्टीको सचिव पदबाट निलम्बन गरेको छ।

महासचिव शंकर पोखरेलले बुधबार विज्ञप्ति निकाल्दै रायमाझीलाई पार्टी सचिवबाट निलम्बन गरिएको जानकारी दिएका हुन्।


## औषधिको सही सेवन गरौं

- चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाहविना औषधिको सेवन नगरौं।
- जथाभावी औषधि सेवनले स्वास्थ्यमा प्रतिकुल असर पर्न सक्दछ।
- जथाभावी औषधि सेवनले स्वास्थ्यमा जटिलता आउन सक्ने, अपाङ्गता हुन सक्ने र ज्यानैसमेत जान सक्दछ।
- एन्टिबायोटिक लगायतका औषधि चिकित्सकको सल्लाहमा पूरा मात्रामा सेवन गरौं।
- औषधि पुरा मात्रामा र सही समयमा सेवन नगर्नाले रोग पुनः बल्झिन सक्दछ।

त्यसैले औषधिको सेवन चिकित्सक वा स्वास्थ्यकर्मीको परामर्शअनुसार गर्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# सिंचाई कार्यालयका प्रमुख बिरुद्ध
# ५३ लाखको भ्रष्टाचार मुद्दा दायर




वुटवल २७ वैशाख

बुटबलमा भूमिगत जलस्रोत र सिंचाइको निर्माणसम्बन्धी ठेक्कामा कामै नगरी रकम भुक्तानी दिएको भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले तीन कर्मचारीसहित पाँच जनालाई भ्रष्टाचार मुद्दा दायर गरेको छ।

अख्तियारले भूमिगत जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, बुटबलका तत्कालीन कार्यालय प्रमुख इच्छाकुमार श्रेष्ठ, इञ्जिनियर सन्तोषकुमार दास र लेखापाल नेत्रप्रसाद मरासिनी विरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको हो। अख्तियारले भोलेबाबा कन्स्ट्रक्सन, त्यसका ठेकेदार सुक बहादुर गुरुङ र कम्पनीका अख्तियारवाला प्रकाश भट्टराई विरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको हो।

पम्पहाउस, स्टोरेज ट्यांकी र वितरण प्रणाली निर्माणको ठेक्कामा हुँदै नभएको काम भएको भनी रकम भुक्तानी दिएको भन्दै अख्तियारले मुद्दा दायर गरेको हो।

अख्तियारले कार्यालय प्रमुख श्रेष्ठ, इञ्जिनियर दास र लेखा प्रमुख नेत्रप्रसाद मरासिनी, माथि ५३ लाख ७५ हजार बिगो मागदावी गरी भ्रष्टाचार मुद्दा दायर गरेको हो।

निर्माण कम्पनी, त्यसका सञ्चालक र प्रतिनिधिलाई भने अख्तियारले ६३ लाख ७ हजार रुपैयाँ बिगो मागदाबी गरी मुद्दा चलाएको छ। उनीहरुमाथि नगरेको कामलाई बढी काम गरेको देखाउन झुट्टा बिल बनाउन लगाएको आरोप छ।












**कमन नेपाल प्रा. लि.**द्वारा प्रकाशित **राष्ट्रिय दैनिक बुद्ध दर्पण**का लागि प्रबन्ध निर्देशक : **लक्ष्मण बेल्बासे**, अतिथि सम्पादक : **नारायणप्रसाद पौडेल**, प्रधान सम्पादक: **बसन्त गिरी**,
सम्पादक : **पार्वती पाण्डे**, प्रबन्ध-सम्पादक : **डिलाराम भुसाल**, व्यवस्थापक : **रामु पौडेल**, कम्प्युटर सेटिङ्ग : **सागर क्षेत्री**
**प्रधान कार्यालय** : बाणगंगा नगरपालिका-४, कपिलवस्तु, **फोन नं.** ०७६-५५०२६०, **फ्याक्स**: ०७६-५५०२६०, प्रकाशन कार्यालय बुटवल उ.म.न.पा.-८ रुपन्देही , लुम्बिनी प्रदेश , **ईमेल**: buddhadarpan@gmail.com **मुद्रण**: कलर अफसेट प्रेस, बुटवल, रुपन्देही